# नागरिक उन्मुक्ति पार्टीको अन्तरिम विधान २०७८
## दोस्रो संशोधन (२०७९)

### प्रस्तावना

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक देश हो । यही तथ्यलाई आत्मसाथ गर्दै मुलुकमा बसोबास गर्ने आदिवासी जनजाति, खस आर्य, मधेसी, दलित, थारु, मुस्लिम, मगर, गुरुङ, राई, लिम्बु तथा अति न्यून सङ्ख्यामा रहेका सिमान्तकृत समुदाय मेचे, कोचे, संथाल, माझी, राजी, बादी, चेपाङ, मुसहर, डोम, चमार, कुसुण्डा, राउटे आदि लगायत सबै जातजातिको भाषा, धर्म, संस्कृति, रहनसहन, जीवनयापनको मुख्य पेशालाई उजागर गर्दै सम्पूर्ण समुदायलाई समान व्यवहार, राज्यको हरेक निकायमा समानुपातिक समावेशी, पौराणिक थातथलोको ऐतिहासिक संरक्षण, पुर्खादेखि अपनाइरहेको पेशा एवं सांस्कृतिक संरक्षण, राज्यको हरेक निकायमा सम्मानजनक व्यवहार स्थापित गर्ने उद्देश्यका साथ सिमान्तकृत समुदाय, जनजाति, दलित, कमैया, हरुवा, चरुवा, मुसहर, डोम, माझी, चेपाङ लगायत अत्यन्तै उत्पीडित वर्गको गाँस, बास र कपासको जिम्मेवारी राज्यले लिनुपर्ने आवाज उठाउँदै सिमान्तकृत र अति शोषणमा परेका आफ्नै नागरिकमाथि राज्यले राजनैतिक, आर्थिक, सामाजिक रुपमा सांस्कृतिक भेदभाव, उपेक्षा नगरोस भन्ने ध्येयका साथ यसरी उत्पीडनमा पारिएका नागरिकको दायित्व बहन गर्दै वास्तविकतालाई उजागर गर्ने कार्य हाम्रो नागरिक उन्मुक्ति पार्टी (ना.उ.पा) ले आफ्नो नैतिक दायित्वको रुपमा लिएको छ ।

नागरिक दायित्व बहन गर्ने संकल्प हस्ताक्षरमा हाम्रो देशका शासकहरू अग्र मोर्चामा छन् । अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा आँखा चिम्लेर हस्ताक्षर गर्ने तर त्यसको पालना एक प्रतिशत पनि नगर्ने हाम्रो अहिलेसम्मको शासकीय प्रवृत्ति हो । नेपालले आदिवासी, जनजाति, दलित, श्रमिक, मजदुर, छुवाछुत अन्त्य, दासदासी प्रथा उन्मुलन, जातीय भेदभावको पूर्ण अन्त्यसहित तिनीहरूमाथि गरिने न्यायको पूर्ण पालनामा कर्तव्यनिष्ठ रहनेछौं भनेर गरिएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण पालना गर्न गराउनमा राज्यलाई झक्झक्याउने हाम्रो कार्य रहनेछ । विगतमा हाम्रा सरकार प्रमुखले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ (ILO 169), सन् २००७ मा आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्रमा हस्ताक्षर, सन् १९४८ मा संयुक्त राष्ट्र संघद्वारा जारी गरिएको विश्वव्यापी मानवअधिकार घोषणापत्र, सन् १९६६ मा पारित राजनैतिक र नागरिक अधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर, सन् १९६९ मा पारित सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेर पनि आफ्नै नागरिकमाथि गर्दै आईरहेको व्यवहारले विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको धज्जी उडाईरहेको छ ।

सार्वभौमसत्ता सम्पन्न श्रमजीवी तथा उत्पीडित समुदायको स्वतन्त्र, समतामूलक, न्यायपूर्ण, विभेदरहित, समृद्धि, धर्मनिरपेक्ष, पूर्ण समानुपातिक समावेशी, सङ्घीय लोकतान्त्रिक गणराज्य, विभिन्न समयमा केन्द्रिकृत नभए पनि दुर दराजका जनताले आफ्ना जायज अधिकारका लागि गरिएको विद्रोह र क्रान्तिलाई आत्मसाथ गर्दै अघि बढ्ने हाम्रो पार्टीको उद्देश्य हुनेछ।

एकात्मक शासन प्रणालीको विरोध गर्दै संस्कृतिको आधारमा शासन लाद्न खोज्ने संकीर्ण एवं अहंकारवादी मनोवृत्ति अन्त्यको साथै साझा राज्य बनाउने मूल ध्येयका साथ जातीय, क्षेत्रीय, वर्गीय तथा सामाजिक मुक्ति आन्दोलनलाई अंगिकार गर्दै सङ्घीयतासहितको राज्य स्थापना गर्ने नागरिक उन्मुक्ति पार्टी (ना.उ.पा) को उद्देश्य हो।

पौराणिक सांस्कृतिक पहिचानसहितको सङ्घीयता स्थापित गर्ने उद्देश्यले मिति २०७८ पौष ९ अर्थात २०२१ डिसेम्बर २४ तारिखका दिन नागरिक उन्मुक्ति पार्टीको स्थापना गरी यो विधान जारी गरिएको छ । साथै आजकै मिति देखि नागरिक उन्मुक्ति पार्टीका सम्पूर्ण संगठनात्मक संरचनाहरू यसै विधानद्वारा परिचालित एवं निर्देशित हुनेछन्।

## भाग–१
## प्रारम्भिक

**१. नाम:**

(क) यस विधानको नाम **"नागरिक उन्मुक्ति पार्टीको अन्तरिम विधान २०७८"** भनिनेछ।
(ख) यो अन्तरिम विधान दल दर्ता भएको दिन देखि प्रारम्भ हुनेछ।
(ग) यस विधानको पालना गर्नु पार्टीको प्रत्येक सदस्यको कर्तव्य हुनेछ।
(घ) नागरिक उन्मुक्ति पार्टीको सगंठन निर्माण र सञ्चालन यस अन्तरिम विधान बमोजिम हुनेछ।

**२. पार्टीको नाम:** पार्टीको नाम "**नागरिक उन्मुक्ति पार्टी**" र छोटकरीमा (ना.उ.पा) रहनेछ।

**३. पार्टीको भण्डा** : यस पार्टीको झण्डा २४×३६ ईन्चको हुनेछ। माथिल्लो भागमा क्रमशः दायाँ देखि बायाँ ४×१२ इन्चको सेतो, हरियो र पहेंलो रङ्ग हुनेछ । तल्लो भागमा ४×३६ ईन्चमा रातो पृष्ठभूमिको हुनेछ। बिचको १६×३६ ईन्चमा रातो पृष्ठभूमिमा सेतो रङ्गको हात समाएर हात माथि उठाएको वयस्क महिला र पुरुषको तस्विर हुनेछ। यसको नमुना अनुसूची ८ मा राखिएको छ।

**४. चुनाव चिन्ह** : यस पार्टीको चुनाव चिन्ह "**पिँध भएको ढकिया**" हुनेछ। यसको नमुना अनुसूची ९ मा राखिएको छ।

**५. पार्टीको छाप** : पार्टीको छाप अनुसुची ७ बमोजिम रहनेछ।

**६. दलको कार्यालय** : डिल्लीबजार, काठमाडौं।

**७. नागरिक उन्मुक्ति पार्टी (ना.उ.पा) को मूल उद्देश्य :**

क) सङ्घीयता कार्यान्वयनमा जोड दिने।
ख) हरेक नेपाली नागरिकलाई आत्मनिर्भर, स्वरोजगार बनाउने।
ग) आरक्षित र संरक्षित अधिकार प्रदान गर्ने।
घ) बालबालिकालाई प्रारम्भदेखि नै उद्देश्यसहितको शिक्षा नीति लागू गर्ने।
ङ) हरेक पालिकास्तरमा स्वास्थ्य सेवासहितको ज्येष्ठ नागरिक हेरचाह केन्द्र स्थापना गर्ने।
च) धार्मिक सहिष्णुतासहितको धर्म निरपेक्षता अंगिकार गर्ने।

**८. सिद्धान्त**

सङ्घीयता, समाजवाद, लोकतन्त्रलाई मूल सिद्धान्त मान्ने।

**९.** "भौगोलिक, सांस्कृतिक पहिचानसहितको सङ्घीयता" नाउपाको मूल नारा हो।

## भाग-२
## सदस्यता

**१०. पार्टी सदस्यता नरहने अवस्था :**

देहायबमोजिमको अवस्थामा पार्टीको सदस्यता रहने छैन।
क) मृत्यु भएमा।
ख) पार्टी विरुद्ध गतिविधि गरेमा।
ग) पार्टीले अनुशासनात्मक कारबाही गरी पार्टीबाट निष्कासन गरेमा।
घ) नैतिक पतन देखिने अभियोगमा अन्तिम अदालतबाट दोषी ठहर भएमा।
ङ) समाज खलबल्याउने गरी उच्छृङ्खल, उटपट्याङ कार्य गरेमा वा सामाजिक सञ्जालमा पार्टीको मानमर्दन हुने गरी जथाभावी स्टाटस पोष्ट गरेमा।
च) कुनै पनि निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवार विरूद्ध उम्मेदवार भएमा वा विद्रोही उम्मेदवारको प्रस्तावक/समर्थक भएमा।

छ) पार्टी परित्याग गरेमा ।

ज) पार्टी वा पार्टीको जिम्मेवार व्यक्तिको विधान बमोजिम निर्देशन पालना नगरेमा ।

झ) पार्टीको विधान बमोजिम नियमित लेबी नबुझाएमा वा समयमा सदस्यता नवीकरण नगरेमा ।

## ११. नागरिक उन्मुक्ति पार्टीका सदस्यताको प्रकारः

### क. साधारण सदस्य

क) १८ वर्ष उमेर पूरा भएका ।

ख) प्रचलित कानुनले राजनीतिक दलको सदस्य हुन अयोग्य नठहरिएको ।

ग) अन्य राजनीतिक दलको सदस्य नभएको वा सदस्यता त्याग गरेको ।

घ) नैतिकवान र स्वच्छ छबि भएको ।

ङ) पार्टीको सिद्धान्त र नीति पालना गर्न तत्पर ।

च) समाजवादप्रति कटिबद्ध भएको ।

छ) सिमान्तकृत, आदिवासी, जनजाति, थारु, मधेसी, अल्पसङ्ख्यकको हक अधिकारको लागि राजनैतिक सङ्घर्षको लागि तत्पर ।

ज) भौगोलिक, सांस्कृतिक पहिचानसहितको सङ्घीयता स्वीकार गर्ने ।

**(ख) क्रियाशील सदस्य**ः नागरिक उन्मुक्ति पार्टीको सदस्यता प्राप्त गरेको सदस्यले एक वर्ष पुगेपछि नागरिक उन्मुक्ति पार्टीको क्रियाशील सदस्यता प्राप्तिका लागि तोकिए बमोजिमको आवेदन फारम भरी आफ्नो सदस्यता भएको पार्टी जिल्ला कार्यसमितिको कार्यालयमार्फत तोकिए बमोजिमको शुल्कसहित आवेदन दिन सक्नेछ । पार्टीको सदस्यता अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिको निणर्यद्वारा प्रदान गरिनेछ । तर पार्टी स्थापना भएको एक वर्षभित्र साधारण सदस्यता प्राप्त गरेको व्यक्तिले सोझै क्रियाशील सदस्यताको लागि पार्टीको जिल्ला समितिमा आवेदन दिन सक्नेछ । दलको सदस्य हुन पार्टीले तोके बमोजिम शुल्क तिरी सदस्यता लिनुपर्नेछ । दलको सदस्यता दर्ता किताब केन्द्रीय कार्यालयमा रहनेछ ।

## १२. पार्टी सदस्यता सम्बन्धी अध्यक्षको अधिकार ः

नागरिक उन्मुक्ति पार्टीको सर्वोच्च पद अध्यक्ष भएको हुनाले पार्टी सदस्यता प्राप्त सम्बन्धी यस विधानको भाग २ को धारा १० र ११ नं. को बुँदामा अध्यक्षको एकल निर्णय पनि आकर्षित हुन सक्नेछ । अध्यक्षले आवश्यकता र औचित्यको निक्र्यौल गरी वा विधान संशोधन सम्बन्धी बैठकमा पारित गर्ने गरी वा विधानले मागे बमोजिमको रिक्त स्थान पूर्ति गर्ने गरी साधारण सदस्य, क्रियाशील सदस्य, केन्द्रीय सदस्य र आवश्यक पदाधिकारीको पदपूर्ति एकल निर्णयले गर्न सक्नेछ ।

क) साधारण, क्रियाशील, केन्द्रीय वा कुनै पनि प्रकारको सदस्यता नवीकरणका लागि कसैको इजाजत, अनुमति लिनुपर्ने छैन।
ख) विधानले तोकेको केन्द्रीय सदस्य वा पदाधिकारी सङ्ख्या केन्द्रीय महाधिवेशनमा पारित गर्ने गरी घटबढ गर्न सक्नेछ।
ग) पार्टीको कुनै पनि प्रकारको सदस्यले आचरण विपरित कार्य, निर्देशन विपरित कार्य, अनुशासनहीन कार्य वा पार्टी विरुद्ध हुने कार्य गरेमा अध्यक्षले ठाउँका ठाउँ कारबाही गर्न सक्नेछ।
घ) पार्टीको आवश्यकता महसुस गर्दै आकस्मिक बैठकको आह्वान गर्न सक्नेछ।
ङ) साधारण, क्रियाशील, केन्द्रीय सदस्य, पदाधिकारीको अङ्गन खटन अवस्था अवलम्बन गर्दै लिखित वा मौखिक रूपले गर्न सक्नेछ।

## भाग–३
## साङ्गठनिक स्वरुप

### १३. केन्द्रीय निकायहरू

क) राष्ट्रिय महाधिवेशन
ख) राष्ट्रिय भेला
ग) केन्द्रीय समिति
घ) पदाधिकारी समिति
ङ) सल्लाहकार परिषद्
च) निर्वाचन आयोग
छ) अनुशासन आयोग

### १४. राष्ट्रिय महाधिवेशन

क) राष्ट्रिय महाधिवेशनलाई पार्टीको सर्वोच्च बैठक मानिनेछ।
ख) राष्ट्रिय महाधिवेशनले पार्टीको नीति बनाउनेछ। साथै कुनै पनि केन्द्रीय सदस्य वा पदाधिकारी सदस्यले पार्टीको नीति निर्माणमा सुझाव वा कार्यपत्र प्रस्तुत गर्न सक्नेछ।
ग) पार्टीको राष्ट्रिय महाधिवेशनमा कार्यपत्र प्रस्तुत गर्न चाहने केन्द्रीय सदस्य वा पदाधिकारीले महाधिवेशनको १५ दिन अगावै महाधिवेशन आयोजक समितिको संयोजक वा तोकिएको जिम्मेवार व्यक्तिलाई लिखित निवेदनसहित जानकारी गराउनु पर्नेछ। बिना जानकारी अकस्मात् प्रस्तुत वा पेश गरिएको कार्यपत्रलाई मान्यता दिईनेछैन।
घ) केन्द्रीय समिति, सचिवालय समिति र तिनका पदाधिकारीहरू र सदस्यहरूको निर्वाचन महाधिवेशनबाट विधान बमोजिम गरिनेछ।
ङ) महाधिवेशन हरेक पाँच वर्षमा सम्पन्न गरिनेछ।
च) पहिलो महाधिवेशन नहुञ्जेल केन्द्रीय सदस्य मनोनित गर्ने अधिकार अध्यक्षलाई मात्रै रहनेछ।

छ) क्रियाशील सदस्य मात्र महाधिवेशन प्रतिनिधि हुन पाउनेछ।

ज) केन्द्रीय सदस्य मनोनित र चुनाव गर्दा निम्नानुसार सिट सङ्ख्या तोकिनेछ :

| | | |
|---|---|---|
| जातीय : | आदिवासी : | ९ जना (६ पुरुष ३ महिलासहित), |
| | मधेसी : | ९ जना (६ पुरुष ३ महिलासहित), |
| | मुस्लिम : | ९ जना (६ पुरुष ३ महिलासहित), |
| | जनजाति : | ९ जना (६ पुरुष ३ महिलासहित), |
| | थारु : | ९ जना (६ पुरुष ३ महिलासहित), |
| | पिछडिएको क्षेत्र : | ९ जना (६ पुरुष ३ महिलासहित), |
| | खस आर्य : | ९ जना (६ पुरुष ३ महिलासहित)। |

## १५. महाधिवेशन प्रतिनिधि व्यवस्था :

पार्टीको गतिविधि, नीति नियम, संरचना, अवस्था, समाज निर्माण, शिक्षा, स्वास्थ्य, महामारी, प्राकृतिक प्रकोप, भूकम्प, बाढी मात्र नभई भविष्यको कार्ययोजना, राष्ट्र निर्माणका लागि आवश्यक सरसल्लाह लगायत भूत, वर्तमान र भविष्य सबै कुराको महत्त्व राख्ने हुनाले महाधिवेशनलाई नागरिक उन्मुक्ति पार्टीले आफ्नो सम्पूर्ण परीक्षण जस्तै महत्त्वपूर्ण ठान्दछ। महाधिवेशनलाई ५ वर्षभित्र गरिएको सम्पूर्ण गतिविधिको मूल्याङ्कन, चिरफार, सही गलत सबै कुराको निराकरण गरिने भएकोले निश्चित योग्यता पुगेका व्यक्ति, पार्टी विधानले तोकेको, पार्टीले आवश्यक ठानेको शिक्षित तथा योग्य, अध्यक्षले पार्टीको लागि जरुरी र आवश्यक ठानेको, केन्द्रीय समिति वा पदाधिकारी बैठकले निर्णय गरेको व्यक्ति मात्रै महाधिवेशन प्रतिनिधि हुन सक्नेछन्।

क) महाधिवेशन प्रतिनिधिको योग्यता भनेको पार्टीको केन्द्रीय सदस्य, पदाधिकारी सदस्य, भातृ संगठन प्रमुख (शिक्षक, कलाकार, श्रमिक, बुद्धिजीवि, विद्यार्थी, महिला, मुस्लिम, थारु, आदिवासी, खस आर्य लगायत सम्पूर्ण भातृ संगठन संयोजक वा अध्यक्ष) सल्लाहकार परिषद्, पार्टीले अनुमति दिएका पर्यवेक्षक, पत्रकार र विधानले अधिकार दिएका सदस्य योग्य हुनेछन्।

ख) पार्टीबाट उम्मेदवार भई विजय भएका केन्द्रीय सांसद, प्रदेश सांसद, नगरपालिका प्रमुख, उप प्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष समेत महाधिवेशन प्रतिनिधि स्वतः हुनेछन्।

ग) महाधिवेशन आयोजक समितिले महाधिवेशन विशेष प्रतिनिधि पनि छनौट गर्नेछ। यसरी छनौट गर्दा एक पालिका बराबर एक महिला र एक पुरुष छनौट भई महाधिवेशन प्रतिनिधि हुनेछन्।

घ) नागरिक उन्मुक्ति पार्टीसँग एकीकरण वा विलय गर्न चाहने अन्य पार्टीका केन्द्रीय अध्यक्षसहित बढीमा ५ जना महाधिवेशन अवलोकन गर्ने प्रतिनिधि हुन सक्नेछन्।

ङ) हरेक २५० क्रियाशील सदस्य बराबर १ महाधिवेशन प्रतिनिधि रहनेछन्।

च) हरेक पालिकाबाट १ महाधिवेशन प्रतिनिधि अनिवार्य रहनेछन्।

छ) हरेक पालिकामा महाधिवेशन प्रतिनिधिको लागि निर्वाचन हुनेछ।

ज) महाधिवेशन प्रतिनिधि सदस्य छनौटको व्यवस्था वा निर्णय केन्द्रीय समिति वा महाधिवेशन आयोजक समितिले गर्नेछ।

## १६. राष्ट्रिय भेला :

पार्टीको महाधिवेशन हरेक पाँच वर्षमा मात्रै हुने भएकोले अन्य कुनै अत्यावश्यक निर्णय, विधान संशोधन, कार्यसमिति विस्तार वा अन्य कुनै महत्त्वपूर्ण निर्णयका लागि २ वर्षमा १ पटक अनिवार्य तर आकस्मिक महत्त्वपूर्ण निर्णयका लागि वर्षमा बढिमा १ पटक राष्ट्रिय भेला आयोजना गर्न सकिनेछ।

क) केन्द्रीय समितिले आवश्यक ठानेर निर्णय गरे मात्रै राष्ट्रिय भेला आयोजना गरिनेछ।

ख) राष्ट्रिय भेलाले विधान, केन्द्रीय समिति र सचिवालयका सदस्य र पदाधिकारीको चयन एवं हेरफेर र महाधिवेशनप्रति उत्तरदायी रहने गरी विधान संशोधन गर्न सक्नेछ।

ग) केन्द्रीय समिति, पदाधिकारी, भातृ संगठन तथा पार्टीका कार्य एवं गतिविधि सन्तोषजनक छ, छैनन् लगायत सम्पूर्ण कार्यको विस्तारपूर्वक छलफल गरी आवश्यक निर्णय लिनेछ।

घ) राष्ट्रिय भेलाले जनवर्गीय संगठनको रूपरेखा, ढाँचा, स्वरूपको बारेमा सम्पूर्ण निर्णय गर्नेछ।

ङ) पार्टीको केन्द्रीय अध्यक्ष नै राष्ट्रिय भेलाको संयोजक हुनेछ।

### अ) राष्ट्रिय भेलामा सहभागी हुने सदस्यहरू

क) सम्पूर्ण केन्द्रीय कार्यसमिति सदस्य।

ख) सम्पूर्ण प्रदेश समिति सदस्य।

ग) सङ्घ तथा प्रदेशका माननीयज्यूहरू।

घ) जिल्ला संयोजकसहित पदाधिकारी/क्षेत्रीय संयोजक, नगर प्रमुख, उप प्रमुखसहित वडा अध्यक्ष/नगर संयोजक/पालिका संयोजक।

ङ) प्रत्येक भातृ संगठनबाट ५ जना अनिवार्य।

### आ) राष्ट्रिय भेलाले गर्ने कार्यहरू

क) राष्ट्रिय महाधिवेशनलाई सुझाव।

ख) विधान संशोधनका लागि बुँदात्मक सुझाव।

ग) भातृ संगठनको कार्यविधि।

घ) आर्थिक, परराष्ट्र नीति, विदेश विभाग सम्बन्धी निर्णय र निर्देशन।

ङ) पार्टीको आवश्यक ढाँचा, रूपरेखा सम्बन्धी ठोस निर्णय।

## १७. केन्द्रीय समिति

क) केन्द्रीय समिति दुई महाधिवेशनबीचको अवधिमा पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ।

ख) केन्द्रीय समिति राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय भेलाप्रति उत्तरदायी रहनेछ।
ग) पार्टीको राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय भेलाको आयोजना गर्ने निर्णय लिन सक्नेछ।
घ) राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय समिति निर्वाचित भएपछि पुरानो केन्द्रीय समिति स्वतः विघटित हुनेछ।
ङ) केन्द्रीय समिति ५०१ जनाको रहनेछ।
च) कम्तीमा एक तिहाइ महिला सदस्य केन्द्रीय समितिमा अनिवार्य हुनेछन्।
छ) केन्द्र तथा प्रादेशिक तहमा गठित विभागको अधिकार एवं काम कर्तव्य तोक्नेछ।
ज) केन्द्रीय सदस्यहरूको कार्य विभाजन गर्नेछ।
झ) राष्ट्रिय महाधिवेशन र राष्ट्रिय भेलाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउनेछ।
ञ) आवश्यक विषयमा पार्टीको दृष्टिकोण तथा नीति तय गर्नेछ।
ट) केन्द्रीय समितिका निर्णय अनुरूप पार्टी निर्देशन जारी गर्नेछ।
ठ) मातहत समितिलाई लेबी र शुल्क तोक्नेछ।
ड) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्नेछ।
ढ) पार्टी सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको सुपरीवेक्षण गर्नेछ।
ण) मातहत समितिबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय गरी आवश्यक निर्देशन दिनेछ।
त) सरकार, संसद तथा स्थानीय निकाय सञ्चालन सम्बन्धी नीति निर्माण एवं नेतृत्व प्रदान गर्नेछ।
थ) पार्टीको विभागहरूको सिर्जना गर्नेछ।
द) जनवर्गीय संगठनको सिर्जना गर्नेछ।
ध) नियमावली बनाउनेछ।
न) आन्तरिक परिपत्र गर्नेछ।
प) विधानमा तोकिएका अन्य कार्यहरू गर्ने गराउनेछ।
फ) महाधिवेशन नहुञ्जेल हाल रहेको २१ सदस्य केन्द्रीय समितिले बाँकी खाली रहेको केन्द्रीय सदस्य मनोनित गर्नेछ।

## १८. पदाधिकारी समितिको अधिकार र कर्तव्य :

धेरै सदस्यलाई उपस्थित गराउन सम्भव नभएको अवस्थामा आकस्मिक कुनै पनि निर्णय लिन सक्ने थोरै तथा महत्त्वपूर्ण सदस्यको संगठनलाई ना.उ.पा.ले पदाधिकारी समितिको संज्ञा दिएको छ। सातै प्रदेश प्रमुखहरू पदाधिकारी समितिमा अनिवार्य सदस्य रहेनछन्।

क) केन्द्रीय समितिप्रति उत्तरदायी रहने,
ख) दुई केन्द्रीय समिति बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,
ग) आफूले गरेका निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने,
घ) अत्यावश्यक स्थितिमा केन्द्रीय समितिले गर्ने निर्णय गर्न सक्ने,
ङ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने,
च) पदाधिकारी समिति सदस्य संख्या :

अध्यक्ष - १
वरिष्ठ उपाध्यक्ष - १
उपाध्यक्ष - ७
महासचिव - १
कोषाध्यक्ष - १
सचिव - ७
सह सचिव - ७
प्रदेश प्रमुख (पदेन सदस्य) - ७
सदस्य - २५ जना।

छ) कुनै पनि पदाधिकारी रिक्त हुन गएमा महाधिवेशनसम्मको लागि केन्द्रीय समिति वा अध्यक्ष स्वयम्ले उक्त पदमा कसैलाई जिम्मेवारी दिई नियुक्त गर्न सक्नेछ।

ज) पदाधिकारी हुन कम्तीमा एक कार्यकाल केन्द्रीय समितिको सदस्य भएको हुनै पर्नेछ। तर पहिलो महाधिवेशन नभएसम्म अध्यक्ष वा केन्द्रीय समितिले तोकिएको व्यक्ति पदाधिकारी समिति सदस्य हुन सक्नेछन्।

## १९. सल्लाहकार परिषद् :

क) पार्टीमा विभिन्न पेशा, व्यवसाय, रोजगारीमा व्यस्त सदस्य र वरिष्ठ राजनीतिज्ञका साथै पार्टीमा पूर्णकालीन समय दिन असमर्थ रहनुहुने सदस्यलाई सल्लाहकार परिषद्मा मनोनित गरिनेछ।

ख) सल्लाहकार परिषद् अध्यक्षको मनोनयन केन्द्रीय अध्यक्षद्वारा गरिनेछ।

ग) सल्लाहकार परिषद् २५१ जनाको रहनेछ।

घ) सल्लाहकार परिषद्को जिम्मेवारी पार्टीलाई मार्ग निर्देशन गर्नु र महत्त्वपूर्ण समयमा पार्टीलाई आवश्यक सरसल्लाह दिनु हुनेछ।

ङ) सल्लाहकार परिषद्को बैठक वर्षमा कम्तीमा २ चोटी बस्नेछ।

च) सल्लाहकार परिषद्को सदस्य र अध्यक्षको राजिनामाको स्वीकृति केन्द्रीय समितिले गर्नेछ।

## २०. निर्वाचन आयोग :

क) पार्टीको सम्पूर्ण समिति, विभाग र महाधिवेशन र भेलाहरूको निर्वाचन सम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने गराउने।

ख) निर्वाचन कार्यका लागि सम्बन्धित पार्टी समितिको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने।

ग) पार्टीका जनसङ्गठनको निर्वाचन सम्पन्न गर्ने।

घ) आफ्ना कामको प्रतिवेदन केन्द्रीय समिति, राष्ट्रिय भेला र महाधिवेशनमा प्रस्तुत गर्ने।

ङ) आयोगका अध्यक्षले केन्द्रीय समिति र सचिवालय बैठकमा भाग लिने।

च) आयोगका अध्यक्ष पदेन सचिवालय सदस्य रहने ।

छ) कारबाही उपर पुनरावेदन परेमा अध्यक्षले पुनरावेदन समिति गठन गर्न सक्ने ।

## **२१. अनुशासन आयोग :**

क) अनुशासन आयोग अध्यक्ष १ र सदस्य सङ्ख्या ४ जना गरी ५ जनाको हुनेछ। जसमा २ महिला अनिवार्य हुनेछन् ।

ख) कुनै पनि सदस्यले पार्टीको नीति, विधि, पद्धतिभन्दा बाहिर गई बोलेमा, सामाजिक सञ्जालमा जथाभावी लेखेमा, कमेण्ट गरेमा, अनैतिक क्रियाकलाप गरेको उजुरी परेमा उजुरीउपर छानबिन गरी अनुशासनात्मक कारबाही गर्न सक्नेछ।

ग) गम्भिर प्रकृतिका साथै पार्टीप्रति आँच आउने कार्य गरे, गराएको पाइएमा जिम्मेवारीबाट पदमुक्त गरी पार्टीबाट निष्कासनसम्म गर्न सक्नेछ।

घ) आफूले गरेको कार्य पार्टीको सबै प्रकारको समिति, जनवर्गीय संगठनसहित महाधिवेशनमा समेत प्रस्तुत गर्नेछ।

ङ) केन्द्रीय समितिको सदस्य मध्येबाट १ जना आयोगको अध्यक्ष हुनेछ। आयोगको अध्यक्षले हरेक केन्द्रीय समितिको साथै सचिवालयको बैठकमा भाग लिन पाउनेछ।

च) आयोगको अध्यक्ष पदेन सचिवालय सदस्य हुनेछ।

छ) आयोगले गरेको कारबाही उपर पुनरावेदन परेमा पार्टीको केन्द्रीय अध्यक्षले पुनरावेदन समिति गठन गर्न सक्नेछ।

ज) राष्ट्रिय महाधिवेशन नहुञ्जेलसम्मको लागि अनुशासन आयोगको अध्यक्ष केन्द्रीय अध्यक्ष रहने व्यवस्था गरिएको छ।

### **(अ) अनुशासन आयोगले कारबाही गर्ने आधार :**

क) अराष्ट्रिय गतिविधि गरेमा।

ख) पार्टीको निर्देशन विपरित काम गरेमा।

ग) अनैतिक गतिविधि गरेको आरोपमा सजाय खेपिरहेको भएमा।

घ) पार्टीलाई अहित हुने काम गरेमा वा सामाजिक सञ्जालमा पार्टी विरुद्ध जथाभाबी पोष्ट गरेमा।

ङ) पार्टीको सम्पर्कमा नआएमा।

च) कम्तीमा तीन वटा बैठकमा अध्यक्षलाई जानकारी नगराई अनुपस्थित रहेमा।

### **(आ) अनुशासनात्मक कारबाही उपर पुनरावेदन :**

क) कारबाही उपर चित्त नबुझेमा अनुशासन आयोगको अध्यक्ष समक्ष पुनरावेदन दिन सकिनेछ ।

ख) अनुशासन आयोगले पुनरावेदनको लागि अध्यक्षको नेतृत्वमा ३ सदस्यीय समिति बनाई अन्तिम पुनरावेदन गर्नेछ।

ग) पुनरावेदन समितिले एक महिनाभित्र निर्णय दिनेछ।

घ) पुनरावेदन हिने हद म्याद अनुशासन समितिले निर्णय दिएको ३० दिनभित्र दिइसक्नुपर्नेछ।

## भाग-४

### २२. अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) पार्टीको प्रथम वरियतामा रही समग्र पार्टीको नेतृत्व गर्ने।

ख) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय भेला, केन्द्रीय समिति, सचिवालय समितिका बैठकको अध्यक्षता गर्ने।

ग) पार्टीको नीति तथा निर्णयहरूको कार्यान्वयन गराउने।

घ) आवश्यकता अनुसार बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने।

ङ) केन्द्रीय समितिको तर्फबाट विधान महाधिवेशन तथा राष्ट्रिय भेलामा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने।

च) आफूमा निहित अधिकार अन्य पदाधिकारीहरूलाई प्रत्यायोजन गर्ने।

छ) केन्द्रीय समिति र सचिवालय समितिले तोकेका अन्य कार्यहरू गर्ने।

ज) केन्द्रीय समिति र सचिवालय समितिले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने।

झ) पार्टी विधानको कार्यान्वयन गर्ने गराउने।

ञ) महाधिवेशन सम्पन्न नहुञ्जेल आवश्यकता अनुसार पदाधिकारी नियुक्त गर्ने।

ट) पदाधिकारीहरूको जिम्मेवारी बाँडफाँट गर्ने।

ठ) पार्टीको विभागहरूमा पदाधिकारी नियुक्त गर्ने।

ड) जनवर्गीय संगठनहरूमा पदाधिकारी नियुक्त गर्ने।

ढ) संगठित सदस्य वितरण गर्ने।

ण) कुनै पनि सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरे कारबाही गर्नुको साथै साधारण सदस्यबाट समेत बरखास्त गर्ने।

त) कुनै पनि समितिले आयोजना गरेको बैठक अनावश्यक लागे खारेज गर्ने।

थ) बैठकमा हुने अवाञ्छनीय गतिविधिप्रति कुनै पनि सदस्य वा पदाधिकारीलाई सचेत गराउने।

द) पार्टी कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण निर्देशन गर्ने।

ध) पार्टीलाई आवश्यक पर्ने सरसमान खरिद गर्नुका साथै पार्टी कार्यक्रममा जाँदा अत्यावश्यकीय आर्थिक खर्चको निर्देशन गर्न सक्ने।

न) पार्टी सदस्यबाट जनप्रतिनिधि भैसकेका सदस्यहरूलाई विकास निर्माण मोडेलका लागि निर्देशन गर्ने।

## २३. वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) यस पार्टीमा हाल तीन जना वरिष्ठ नेताको व्यवस्था रहनेछ, साथै प्रथम महाधिवेशन नभएसम्म पार्टीले वरिष्ठ नेताको आवश्यकता महसुस गरेमा अध्यक्ष वा पदाधिकारी समितिबाट पारित गराई अतिरिक्त वरिष्ठ सदस्य थपघट गर्न सक्नेछ।

ख) पहिलो महाधिवेशन नभएसम्म तीनै वरिष्ठ नेताको चयन पार्टीको अध्यक्षबाट हुनेछ।

ग) पहिलो महाधिवेशन तथा त्यसपश्चात् वरिष्ठ नेताको चयन महाधिवेशन चुनाव मार्फत हुनेछ।

घ) आवश्यक सङ्ख्याभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा वरिष्ठ नेता निर्वाचित गरिनेछ।

ङ) महाधिवेशन चुनाव मार्फत बढी मत प्राप्त गर्ने पहिलो आवश्यक सदस्यलाई वरिष्ठ नेता निर्वाचित गरिनेछ।

च) महाधिवेशन चुनाव मार्फत प्राप्त मत र विज्ञताको आधारमा वरिष्ठ नेताको पदानुक्रम अध्यक्षद्वारा तय गरिनेछ।

छ) अध्यक्षद्वारा मनोनित वरिष्ठ नेता बाहेक, महाधिवेशनमार्फत वरिष्ठ नेता निर्वाचित हुन कम्तीमा केन्द्रीय सदस्यको जिम्मेवारी निर्वाह गरेको हुनुपर्दछ।

ज) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्नुपर्नेछ।

झ) पार्टी अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा केन्द्रीय समिति बैठकको अध्यक्षता पार्टी अध्यक्षले तोकेको वरिष्ठ नेताद्वारा हुनेछ।

ञ) पार्टी अध्यक्षद्वारा विधान बमोजिम तोकिएका सम्पूर्ण कार्यहरू गर्नुपर्नेछ।

ट) पार्टीको उच्चतम हित तथा प्रगतिशीलताको निम्ति नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेछ।

ठ) पार्टीमा अनुशासन तथा नैतिकताको महत्त्वलाई थप सुदृढ गर्ने नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्नेछ।

ड) पार्टीद्वारा सामाजिक, आर्थिक तथा अन्य क्षेत्र सम्बन्धी आयोजित कार्यक्रमहरूमा खटाए बमोजिम भाग लिएर पार्टीप्रतिको उत्तरदायित्व बहन गर्नुपर्नेछ।

ढ) पार्टीलाई थप सबल तथा जनता/कार्यकर्तामाझ पार्टीको छबि उकास्न महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेछ।

## २४. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) यस पार्टीमा सात जना उपाध्यक्षको व्यवस्था रहनेछ।

ख) पहिलो महाधिवेशन नभएसम्म सातै पार्टी उपाध्यक्षको चयन पार्टीको अध्यक्षबाट हुनेछ।

ग) पहिलो महाधिवेशन तथा त्यसपश्चात् पार्टी उपाध्यक्षको चयन महाधिवेशन चुनाव मार्फत हुनेछ।

घ) सातभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा पार्टी उपाध्यक्ष निर्वाचित गरिनेछ।

ङ) महाधिवेशन चुनाव मार्फत बढी मत प्राप्त गर्ने पहिलो सात सदस्यलाई उपाध्यक्ष निर्वाचित भएको मानिनेछ।

च) महाधिवेशन चुनाव मार्फत प्राप्त मतको आधारमा पार्टी उपाध्यक्षको पदानुक्रम तय हुनेछ।

छ) अध्यक्षद्वारा मनोनित पार्टी उपाध्यक्ष बाहेक, महाधिवेशन मार्फत पार्टी उपाध्यक्ष निर्वाचित हुन कम्तीमा केन्द्रीय सदस्यको जिम्मेवारी निर्वाह गरेको हुनुपर्दछ।

ज) पार्टीलाई थप सबल तथा जनता/कार्यकर्तामाझ पार्टीको छबि उकास्न महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेछ।

झ) पार्टीका विभिन्न विभागहरूले निर्वाह गरेका भूमिका तथा कार्यहरू सम्बन्धी अध्ययन तथा समीक्षा गर्ने ।

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा पार्टीको भूमिकालाई विस्तार गर्ने उद्देश्य अनुरूप कार्य तथा योजना बनाउने ।

## २५. महासचिवको काम, कर्तव्य र अधिकार :

क) अध्यक्षको निर्देशनमा बैठक बोलाउने ।

ख) बैठकमा निर्णय गर्नुपर्ने अनिवार्य बुँदा निर्णयार्थ प्रस्तुत गर्ने ।

ग) निर्णय पुस्तिकामा निर्णय लेख्ने ।

घ) अध्यक्षको निर्देशनमा बैठक सञ्चालन गर्ने ।

ङ) संगठनात्मक काम कारबाही गर्ने ।

च) आवश्यक परेको खण्डमा गरिएको निर्णय स्मरण गराउने ।

छ) मासिक, त्रैमासिक, वार्षिक लगायत अधिवेशन मिति समेतको जानकारी गराउने ।

ज) हरेक बैठकका निर्णयहरू चुस्त दुरुस्त राख्ने ।

झ) क्षेत्र, जिल्ला लगायत सबै मातहतका सचिव तथा सह-सचिवहरूलाई निर्देशन तथा प्रशिक्षण समेत दिने ।

## २६. सचिवको काम, कर्तव्य र अधिकार :

क) यस पार्टीमा सात जना पार्टी सचिवको व्यवस्था रहनेछ।

ख) पहिलो महाधिवेशन नभएसम्म सातै पार्टी सचिवको चयन पार्टीको अध्यक्षबाट हुनेछ।

ग) पहिलो महाधिवेशन तथा त्यसपश्चात् पार्टी सचिवको चयन महाधिवेशन चुनावमार्फत हुनेछ।

घ) सातभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा पार्टी सचिवको निर्वाचित गरिनेछ।

ङ) महाधिवेशन चुनावमार्फत बढी मत प्राप्त गर्ने पहिलो सात सदस्यलाई पार्टी सचिवको निर्वाचित गरिनेछ भएको मानिनेछ।

च) महाधिवेशन चुनाव मार्फत प्राप्त मतको आधारमा पार्टी सचिवको पदानुक्रम तय हुनेछ।

छ) अध्यक्षद्वारा मनोनित पार्टी उपाध्यक्ष बाहेक, महाधिवेशनमार्फत पार्टी सचिवको निर्वाचित हुन कम्तीमा केन्द्रीय सदस्यको जिम्मेवारी निर्वाह गरेको हुनुपर्दछ।

ज) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने ।

झ) पार्टी महासचिवद्वारा विधान बमोजिम तोकिएका कार्यहरू गर्ने लगायत पार्टी कार्यालय रेखदेख गर्ने ।

ञ) पार्टी बैठकद्वारा भएका सम्पूर्ण निर्णयहरूको कार्यान्वयन तथा समीक्षा गर्ने ।

ट) पार्टीमा साधारण सदस्य, केन्द्रीय सदस्य तथा पदाधिकारीहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ठ) पार्टीमा अनुशासन तथा नैतिकताको महत्त्वलाई थप सुदृढ गर्दै लैजान कार्यक्रमहरूको खाका तयार गर्ने लगायत आवधिक समीक्षा गर्ने ।

ड) पार्टीद्वारा निर्णय भए बमोजिम कार्यक्रमहरूमा पार्टीको प्रतिनिधित्व गर्ने ।

ढ) पार्टीको उच्चतम हित तथा प्रगतिशीलताको निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने ।

ण) पार्टीमा संलग्न हुन ईच्छुक नागरिकहरूलाई पार्टीमा समावेश गराई पार्टीको उद्देश्य तथा दिर्घकालीन योजनाहरूप्रति प्रतिबद्ध गराउने ।

त) दैनिक कार्यालय सञ्चालनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दै पार्टी महासचिवलाई आवश्यक सहयोग गर्ने ।

थ) पार्टी सम्बन्धी आमनागरिक, सञ्चार तथा अरु क्षेत्रबाट आउने प्रतिक्रिया तथा सुझाव संकलन गरी सो संकलित सुझावको महत्त्वको आधारमा कार्यान्वयनको निम्ति पार्टी पदाधिकारीहरू समक्ष पेश गर्ने ।

## २७. कोषाध्यक्ष

क) दलको कोष सञ्चालन सम्बन्धी सम्पूर्ण जिम्मेवारी लिनुपर्नेछ ।

ख) समयमा हरेक वर्ष आर्थिक विवरण निर्वाचन आयोगमा पेश गर्ने जिम्मेवारी कोषाध्यक्षको रहनेछ ।

ग) बैठकहरूमा आर्थिक विवरणको जानकारी तथा आवश्यक सूचना माग गर्दा कोषाध्यक्षले प्रदान गर्नुपर्ने हुन्छ ।

घ) आर्थिक स्रोतको खोजी गर्ने ।

ङ) हिसाब किताब चुस्त दुरुस्त राख्ने ।

च) पार्टीको साधारण, क्रियाशील, केन्द्रीय सदस्य तथा पालिकामा प्रतिनिधि, प्रदेश सदस्य, सांसद तथा राजनैतिक नियुक्ति लगायतका सम्पूर्ण मासिक, वार्षिक लेबी निश्चित समयमा उठाउने ।

छ) केन्द्रीय कोषाध्यक्षले सातै प्रदेशका सह कोषाध्यक्षलाई आर्थिक संकलन तथा चुस्त दुरुस्त विवरण राख्न निर्देशन दिनुका साथै सातै प्रदेशको आर्थिक विवरणको हिसाब किताबका लागि त्रैमासिक एउटा बैठक बोलाउन सक्नेछ ।

ज) पार्टीको सम्पूर्ण आय व्यय विवरण दुरुस्त राख्ने ।

झ) केन्द्रीय कोषाध्यक्षले कुनै प्रकारको अविश्वसनीय आर्थिक गतिविधि गरेको खण्डमा पार्टी केन्द्रीय समितिको बैठक बसी निलम्बनको अवधिसम्म अर्थ सचिव नियुक्त गर्न सक्नेछ ।

ञ) केन्द्रीय समितिले नियुक्त गरेको अर्थ सचिवले कोषाध्यक्ष सरह नै कार्य गर्ने/गराउनुका साथै राष्ट्रिय महाधिवेशन नहुञ्जेलसम्मको लागि आर्थिक विभाग सम्हाल्नेछ।

## भाग–५

### २८. प्रदेश समिति

क) हरेक प्रदेश निर्वाचन क्षेत्रबाट कम्तीमा १ जना प्रदेश समिति सदस्य रहनेछन्।
ख) प्रदेश समिति कम्तीमा ५१ सदस्य सङ्ख्याको हुनेछ।
ग) केन्द्रीय अध्यक्ष बाहेक हरेक सचिवालय सदस्य आफ्नो प्रदेश समितिको पदेन सदस्य रहनेछन्।
घ) प्रदेश समितिमा कम्तीमा १५ सदस्य प्रदेश सचिवालय र कम्तीमा १३ सदस्य प्रदेश पदाधिकारी रहनेछन्।
ङ) प्रदेश समितिमा प्रदेश समिति अध्यक्षले केन्द्रीय अध्यक्षको सहमति र निर्देशनमा समितिको जम्मा सदस्यको दश प्रतिशत सदस्य थप गर्न सक्नेछन्।
च) एक तिहाइ महिला सदस्य र ३ जना दलित सदस्य प्रदेश समिति सदस्य रहनेछन्।
छ) प्रदेश पदाधिकारी समिति १३ सदस्य रहनेछ, जसमा
अध्यक्ष- १
उपाध्यक्ष- ३ (१ महिलासहित)
सचिव- १
कोषाध्यक्ष- १
सह सचिव- ३ (१ महिलासहित)
सदस्य- ४
ज) प्रदेश पदाधिकारी सदस्य हुन कम्तीमा एक कार्यकाल यस समितिको सदस्य भएको हुनै पर्नेछ तर केन्द्रीय अध्यक्षले मनोनित गरेमा सिधै प्रदेश समिति सदस्य बन्न पाउनेछ।

### २९. प्रदेश अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने।
ख) आफूले अध्यक्षता गरेको प्रदेशमा पार्टीको भूमिका सम्बन्धी अल्पकालीन तथा दिर्घकालीन योजनाको तर्जुमा गर्ने लगायत सो को कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्ने।
ग) आफूले अध्यक्षता गरेको प्रदेशमा पार्टीको केन्द्रीय सदस्यद्वारा गरिएका निर्णयहरूको कार्यान्वयन लगायत सो को आवधिक समीक्षा गर्ने।
घ) आफूले अध्यक्षता गरेको प्रदेशमा पार्टीको अनुशासन तथा नैतिकता सम्बन्धी प्रतिबद्धतालाई लागू गराउने।

ङ) पार्टीद्वारा बृहत हित तथा सामाजिक, आर्थिक तथा अन्य क्षेत्र सम्बन्धी आयोजित कार्यक्रमहरुमा भाग लिने ।

च) आफूले अध्यक्षता गरेको प्रदेशमा पार्टीलाई थप सबल तथा जनता/कार्यकर्तामाझ पार्टीको छबि उकास्न महत्त्वपूर्ण भूमिका खेल्ने ।

छ) पार्टीको केन्द्रीय कार्यालय, पार्टीको प्रादेशिक कार्यालय र आफूले अध्यक्षता गरेको प्रदेशबीच सल्लाह/सुझाव आदान प्रदानको निम्ति समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ज) आफूले अध्यक्षता गरेको प्रदेशमा हुने कार्यक्रमहरूमा सहभागिता जनाउने लगायत आवश्यकता अनुसार कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ३०. प्रदेश सचिवको काम, कर्तव्य र अधिकार :

क) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने ।

ख) आफू सचिव रहेको प्रदेशको पार्टी महासचिवद्वारा विधान बमोजिम तोकिएका कार्यहरू सम्पूर्ण गर्ने लगायत पार्टी कार्यालय रेखदेख गर्ने ।

ग) आफू सचिव रहेको प्रदेशको पार्टी बैठकद्वारा भएका सम्पूर्ण निर्णयहरूको कार्यान्वयन तथा समीक्षा गर्ने ।

घ) आफू सचिव रहेको प्रदेशको पार्टीमा साधारण सदस्य, केन्द्रीय सदस्य तथा पदाधिकारीहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ङ) आफू सचिव रहेको प्रदेशको पार्टीमा अनुशासन तथा नैतिकताको महत्त्वलाई थप सुदृढ गर्दै लैजान कार्यक्रमहरूको खाका तयार गर्ने लगायत आवधिक समीक्षा गर्ने ।

च) आफू सचिव रहेको प्रदेशको पार्टीद्वारा निर्णय भए बमोजिम कार्यक्रमहरूमा पार्टीको प्रतिनिधित्व गर्ने ।

छ) आफू सचिव रहेको प्रदेशको पार्टीको उच्चतम हित तथा प्रगतिशीलताको निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने ।

ज) आफू सचिव रहेको प्रदेशको पार्टीमा संलग्न हुन ईच्छुक नागरिकहरूलाई पार्टीमा समावेश गराई पार्टीको उद्देश्य तथा दीर्घकालीन योजनाहरूप्रति प्रतिबद्ध गराउने ।

झ) दैनिक कार्यलाई सञ्चालनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दै आफू सचिव रहेको प्रदेशको पार्टी महासचिवलाई आवश्यक सहयोग गर्ने ।

ञ) आफू सचिव रहेको प्रदेशमा पार्टी सम्बन्धी आमनागरिक, सञ्चार तथा अरु क्षेत्रबाट आउने प्रतिक्रिया तथा सुझाव संकलन गरी सो संकलित सुझावको महत्त्वको आधारमा कार्यान्वयनको निम्ति पार्टी पदाधिकारीहरू समक्ष पेश गर्ने ।

## ३१. प्रदेश कोषाध्यक्ष

क) प्रदेशको कोषको सञ्चालन सम्बन्धी जिम्मेवारी लिने ।

ख) समयमा हरेक वर्ष आर्थिक विवरण निर्वाचन आयोगमा पेश गर्ने जिम्मेवारी कोषाध्यक्षको रहनेछ ।
ग) बैठकहरुमा आर्थिक विवरणको जानकारी, आवश्यक सूचना माग गर्दा कोषाध्यक्षले प्रदान गर्नुपर्ने हुन्छ ।
घ) आर्थिक स्रोतको खोजी गर्ने ।
ङ) हिसाब किताब चुस्त दुरुस्त राख्ने ।

## ३२. जिल्ला समिति

क) जिल्ला समिति कम्तीमा ५१ सदस्य रहनेछ ।
ख) प्रदेश अध्यक्ष बाहेक हरेक प्रदेश सदस्य आ-आफ्नो पालिका समितिको पदेन सदस्य रहनेछन् ।
ग) जिल्ला समितिमा कम्तीमा ७ सदस्य सचिवालय र कम्तीमा ५ सदस्य पदाधिकारी रहनेछ ।
घ) जिल्ला समितिमा जिल्ला समिति अध्यक्षले प्रदेश अध्यक्षको सहमति र निर्देशनमा समितिको जम्मा सदस्यको दश प्रतिशत सदस्य थप गर्न सक्नेछन् ।
ङ) एक तिहाइ महिला सदस्य र २ जना दलित सदस्य जिल्ला समिति सदस्य रहनेछन् ।
च) पदाधिकारी वा कुनै सदस्यको पद रिक्त रहन गएमा प्रदेश समितिले मनोनित गर्ने अधिकार रहनेछ ।
छ) जिल्ला पदाधिकारी समिति ५ सदस्य रहनेछ :
  अध्यक्ष- १
  उपाध्यक्ष- १
  सचिव- १
  कोषाध्यक्ष- १
  सह सचिव- १
ज) जिल्ला पदाधिकारी हुन कम्तीमा एक कार्यकाल यस समितिको सदस्य भएको हुनै पर्नेछ ।

## ३३. जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने ।
ख) आफूले अध्यक्षता गरेको जिल्लामा पार्टीको भूमिका सम्बन्धी अल्पकालीन तथा दिर्घकालीन योजनाको तर्जुमा गर्ने लगायत सो को कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्ने ।
ग) आफूले अध्यक्षता गरेको जिल्लामा पार्टीको केन्द्रीय सदस्यद्वारा गरिएका निर्णयहरूको आफूले अध्यक्षता गरेको प्रदेशमा कार्यान्वयन लगायत सो को आवधिक समीक्षा गर्ने ।
घ) आफूले अध्यक्षता गरेको जिल्लामा पार्टीको अनुशासन तथा नैतिकता सम्बन्धी प्रतिबद्धतालाई लागू गराउने ।

ङ) पार्टीद्वारा बृहत हित तथा सामाजिक, आर्थिक तथा अन्य क्षेत्र सम्बन्धी आयोजित कार्यक्रमहरूमा भाग लिने ।

च) आफूले अध्यक्षता गरेको जिल्लामा पार्टीलाई थप सबल तथा जनता/कार्यकर्तामाझ पार्टीको छबि उकास्न महत्त्वपूर्ण भूमिका खेल्ने ।

छ) पार्टीको केन्द्रीय कार्यालय, पार्टीको प्रादेशिक कार्यालय र आफूले अध्यक्षता गरेको जिल्लाबीच सल्लाह/सुझाव आदान प्रदानको निम्ति समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ज) आफूले अध्यक्षता गरेको जिल्लामा हुने कार्यक्रमहरूमा सहभागिता जनाउने लगायत आवश्यकता अनुसार कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ३४. जिल्ला सचिवको काम, कर्तव्य र अधिकार :

क) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने ।

ख) आफू सचिव रहेको जिल्लामा पार्टी महासचिवद्वारा विधान बमोजिम तोकिएका कार्यहरू सम्पूर्ण गर्ने लगायत पार्टी कार्यालय रेखदेख गर्ने ।

ग) आफू सचिव रहेको जिल्लामा पार्टी बैठकद्वारा भएका सम्पूर्ण निर्णयहरूको कार्यान्वयन तथा समीक्षा गर्ने ।

घ) आफू सचिव रहेको जिल्लाको पार्टीमा साधारण सदस्य, केन्द्रीय सदस्य तथा पदाधिकारीहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ङ) आफू सचिव रहेको जिल्लाका पार्टीमा अनुशासन तथा नैतिकताको महत्त्वलाई थप सुदृढ गर्दै लैजान कार्यक्रमहरूको खाका तयार गर्ने लगायत आवधिक समीक्षा गर्ने ।

च) आफू सचिव रहेको जिल्लाको पार्टीद्वारा निर्णय भएबमोजिम कार्यक्रमहरूमा पार्टीको प्रतिनिधित्व गर्ने ।

छ) आफू सचिव रहेको जिल्लाका पार्टीको उच्चतम हित तथा प्रगतिशीलताको निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने ।

ज) आफू सचिव रहेको जिल्लाका पार्टीमा संलग्न हुन ईच्छुक नागरिकहरूलाई पार्टीमा समावेश गराई पार्टीको उद्देश्य तथा दिर्घकालीन योजनाहरूप्रति प्रतिबद्ध गराउने ।

झ) दैनिक कार्यालय सञ्चालनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दै आफू सचिव रहेको जिल्लाको पार्टी सचिवलाई आवश्यक सहयोग गर्ने ।

ञ) आफू सचिव रहेको जिल्लाका पार्टी सम्बन्धी आमनागरिक, सञ्चार तथा अरु क्षेत्रबाट आउने प्रतिक्रिया तथा सुझाव संकलन गरी सो संकलित सुझावको महत्त्वको आधारमा कार्यान्वयनको निम्ति पार्टी पदाधिकारीहरू समक्ष पेश गर्ने ।

## ३५. जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) जिल्लाको कोषको सञ्चालन जिम्मेवारी लिने ।

ख) समयमा हरेक वर्ष आर्थिक विवरण निर्वाचन आयोगमा पेश गर्ने जिम्मेवारी कोषाध्यक्षको रहनेछ।
ग) बैठकहरूमा आर्थिक विवरणको जानकारी आवश्यक सूचना माग गर्दा कोषाध्यक्षले प्रदान गर्नुपर्ने हुन्छ।
घ) आर्थिक स्रोतको खोजी गर्ने ।
ङ) हिसाब किताब चुस्त दुरुस्त राख्ने ।

## ३६. पालिका समिति

पालिका समिति भनेर महानगरपालिका, उपमहानगपालिका, नगरपालिका, गाउँपालिकालाई जनाउनेछ।

क) पालिका समितिमा एक वडामा (१ महिलासहित) ३ जना सदस्य सङ्ख्या रहनेछ।
ख) पालिका समिति कम्तीमा ३१ सदस्य रहनेछ।
ग) जिल्ला अध्यक्ष बाहेक हरेक जिल्ला सदस्य आ-आफ्नो पालिका समितिको पदेन सदस्य रहनेछन् ।
घ) पालिका समितिमा कम्तीमा ७ सदस्य सचिवालय र कम्तीमा ५ सदस्य पदाधिकारी रहनेछ।
ङ) पालिका समितिमा पालिका समिति अध्यक्षले जिल्ला अध्यक्षको सहमति र निर्देशनमा समितिको जम्मा सदस्यको दश प्रतिशत सदस्य थप गर्न सक्नेछन् ।
च) एक तिहाइ महिला सदस्य र २ जना दलित सदस्य पालिका समिति सदस्य रहनेछन् ।
छ) पदाधिकारी वा कुनै सदस्यको पद रिक्त रहन गएमा जिल्ला समितिले मनोनित गर्ने अधिकार रहनेछ।
ज) पदाधिकारी समिति ५ सदस्य रहनेछ :

अध्यक्ष- १
उपाध्यक्ष- १
सचिव- १
कोषाध्यक्ष- १
सह सचिव- १

झ) पदाधिकारी हुन कम्तीमा एक कार्यकाल यस समितिको सदस्य भएको हुनै पर्नेछ।

## ३७. पालिका अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने ।
ख) आफूले अध्यक्षता गरेको पालिकामा पार्टीको भूमिका सम्बन्धी अल्पकालीन तथा दिर्घकालीन योजनाको तर्जुमा गर्ने लगायत सो को कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्ने ।
ग) पार्टीको केन्द्रीय सदस्यद्वारा गरिएका निर्णयहरूको आफूले अध्यक्षता गरेको पालिकामा कार्यान्वयन लगायत सो को आवधिक समीक्षा गर्ने ।

घ) आफूले अध्यक्षता गरेको पालिकामा पार्टीको अनुशासन तथा नैतिकता सम्बन्धी प्रतिबद्धतालाई लागू गराउने ।

ङ) पार्टीद्वारा बृहत हित तथा सामाजिक, आर्थिक तथा अन्य क्षेत्र सम्बन्धी आयोजित कार्यक्रमहरूमा भाग लिने ।

च) आफूले अध्यक्षता गरेको पालिकामा पार्टीलाई थप सबल तथा जनता/कार्यकर्तामाझ पार्टीको छबि उकास्न महत्त्वपूर्ण भूमिका खेल्ने ।

छ) पार्टीको केन्द्रीय कार्यालय, पार्टीको प्रादेशिक कार्यालय र आफूले अध्यक्षता गरेको पालिकाबीच सल्लाह/सुझाव आदान प्रदानको निम्ति समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ज) आफूले अध्यक्षता गरेको पालिकामा हुने कार्यक्रमहरूमा सहभागिता जनाउने लगायत आवश्यकता अनुसार कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ३८. पालिका सचिवको काम, कर्तव्य र अधिकारः

क) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने ।

ख) आफू सचिव रहेको पालिकामा पार्टी महासचिवद्वारा विधान बमोजिम तोकिएका कार्यहरू सम्पूर्ण गर्ने लगायत पार्टी कार्यालय रेखदेख गर्ने ।

ग) आफू सचिव रहेको पालिकामा पार्टी बैठकद्वारा भएका सम्पूर्ण निर्णयहरूको कार्यान्वयन तथा समीक्षा गर्ने ।

घ) आफू सचिव रहेको पालिकाको पार्टीमा साधारण सदस्य, केन्द्रीय सदस्य तथा पदाधिकारीहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ङ) आफू सचिव रहेको पालिकाका पार्टीमा अनुशासन तथा नैतिकताको महत्त्वलाई थप सुदृढ गर्दै लैजान कार्यक्रमहरूको खाका तयार गर्ने लगायत आवधिक समीक्षा गर्ने ।

च) आफू सचिव रहेको पालिकाको पार्टीद्वारा निर्णय भएबमोजिम कार्यक्रमहरूमा पार्टीको प्रतिनिधित्व गर्ने ।

छ) आफू सचिव रहेको पालिकाका पार्टीको उच्चतम हित तथा प्रगतिशीलताको निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने ।

ज) आफू सचिव रहेको पालिकाका पार्टीमा संलग्न हुन ईच्छुक नागरिकहरूलाई पार्टीमा समावेश गराई पार्टीको उद्देश्य तथा दिर्घकालीन योजनाहरूप्रति प्रतिबद्ध गराउने ।

झ) दैनिक कार्य सञ्चालनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दै आफू सचिव रहेको पालिकाको पार्टी सचिवलाई आवश्यक सहयोग गर्ने ।

ञ) आफू सचिव रहेको पालिकाका पार्टी सम्बन्धी आमनागरिक, सञ्चार तथा अरु क्षेत्रबाट आउने प्रतिक्रिया तथा सुझाव संकलन गरी सो संकलित सुझावको महत्त्वको आधारमा कार्यान्वयनको निम्ति पार्टी पदाधिकारीहरू समक्ष पेश गर्ने ।

## ३९. पालिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) पालिकाको कोषको सञ्चालन जिम्मेवारी लिने ।
ख) समयमा हरेक वर्ष आर्थिक विवरण निर्वाचन आयोगमा पेश गर्ने जिम्मेवारी कोषाध्यक्षको रहनेछ ।
ग) बैठकहरुमा आर्थिक विवरणको जानकारी आवश्यक सूचना माग गर्दा कोषाध्यक्षले प्रदान गर्नुपर्ने हुन्छ ।
घ) आर्थिक स्रोतको खोजी गर्ने ।
ङ) हिसाब किताब चुस्त दुरुस्त राख्ने ।

## ४०. वडा समिति

क) वडा समिति कम्तीमा ११ सदस्य रहनेछ ।
ख) पालिका अध्यक्ष बाहेक हरेक पालिका सदस्य आ-आफ्नो वडा समितिको पदेन सदस्य रहनेछन् ।
ग) वडा समितिमा कम्तीमा ३ सदस्य सचिवालय र त्यसको नेतृत्व वडा समिति अध्यक्षले गर्नेछ ।
घ) वडा समितिमा पालिका समिति अध्यक्षले पालिका अध्यक्षको सहमति र निर्देशनमा समितिको जम्मा सदस्यको दश प्रतिशत सदस्य थप गर्न सक्नेछन् ।
ङ) पदाधिकारी वा कुनै सदस्यको पद रिक्त रहन गएमा पालिका समितिले मनोनित गर्ने अधिकार रहनेछ ।
च) पदाधिकारी हुन कम्तीमा एक कार्यकाल यस समितिको सदस्य भएको हुनै पर्नेछ ।

## ४१. वडा अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) पार्टीको उद्देश्य, नीति तथा विधानप्रति प्रतिबद्ध रही कार्य गर्ने ।
ख) आफूले अध्यक्षता गरेको वडामा पार्टीको भूमिका सम्बन्धी अल्पकालीन तथा दिर्घकालीन योजनाको तर्जुमा गर्ने लगायत सो को कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्ने ।
ग) पार्टीको केन्द्रीय सदस्यद्वारा गरिएका निर्णयहरुको आफूले अध्यक्षता गरेको वडामा कार्यान्वयन लगायत सो को आवधिक समीक्षा गर्ने ।
घ) आफूले अध्यक्षता गरेको वडामा पार्टीको अनुशासन तथा नैतिकता सम्बन्धी प्रतिबद्धतालाई लागू गराउने ।
ङ) पार्टीद्वारा बृहत हित तथा सामाजिक, आर्थिक तथा अन्य क्षेत्र सम्बन्धी आयोजित कार्यक्रमहरुमा भाग लिने ।

च) आफूले अध्यक्षता गरेको वडामा पार्टीलाई थप सबल तथा जनता/कार्यकर्तामाफ पार्टीको छबि उकास्न महत्त्वपूर्ण भूमिका खेल्ने ।
छ) पार्टीको केन्द्रीय कार्यालय, पार्टीको प्रादेशिक कार्यालय र आफूले अध्यक्षता गरेको वडाबीच सल्लाह/सुझाव आदान प्रदानको निम्ति समन्वयकारी भूमिका निर्वाह गर्ने ।
ज) आफूले अध्यक्षता गरेको वडामा हुने कार्यक्रमहरूमा सहभागिता जनाउने लगायत आवश्यकता अनुसार कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ४२. प्रचार प्रसार समिति :

क) १ अध्यक्षसहित कम्तीमा १०० सदस्य सङ्ख्या गरी १०१ जनाको प्रचार प्रसार समिति रहनेछ ।
ख) आफ्नो निर्वाचन क्षेत्रमा कतिवटा मतदान केन्द्र छन् पत्ता लगाउने ।
ग) मतदान केन्द्रको सङ्ख्या अनुसार बुथ संयोजक तोक्ने ।
घ) बुथ संयोजकलाई बुथ सदस्यको संख्या निर्धारण गरी प्रशिक्षण गर्ने ।
ङ) कसरी बढी भन्दा बढी आफ्ना मतदातालाई मतदान गराउन सकिन्छ, ध्यान दिने ।
च) अधिकतम मतदान गराई पार्टीलाई विजय गराउने निर्देशन दिने ।
छ) कम भन्दा कम खर्च गरी ना.उ.पा.को राज्यसँगको मुद्दा, संविधानप्रतिको असहमति बुझाउने प्रयत्न गर्ने ।

# भाग–६

## ४३. बैठक सम्बन्धी व्यवस्था :

पार्टीको आवश्यकता र औचित्यताको आधारमा अध्यक्ष वा बहुमत केन्द्रीय सदस्यले बैठकको माग गरेमा केन्द्रीय समितिको बैठक जुनसुकै बेला आवश्यक स्थानमा बस्न सक्नेछ । तर पार्टीको नियम र विधान बमोजिमको बैठक भने वर्षमा २ पटक मात्रै हुनेछ । नागरिक उन्मुक्ति पार्टीले केन्द्रीय समितिको बैठक असोजको पहिलो साता र वैशाखको पहिलो साताालाई तोकेको छ । अन्य आवश्यक काम परेमा अध्यक्षले कम्तीमा १ महिना बैठकलाई सार्न सक्नेछ ।
क) विधान बमोजिम केन्द्रीय समितिको बैठक बोलाउने निर्देशन महासचिवलाई दिनेछ र महासचिवले बैठक बस्नुपूर्व १५ दिन अगावै सम्पूर्ण केन्द्रीय सदस्यहरूलाई बैठक सम्बन्धी जानकारी दिई सक्नेछ ।
ख) कुनै पनि केन्द्रीय सदस्यले विधान बमोजिमको केन्द्रीय समिति बैठकलाई छल्न पाइने छैन । बैठकमा अनुपस्थित हुन र प्रमाणसहितको कारण देखाउनु पर्नेछ, अन्यथा अनुपस्थित वापतको केन्द्रीय समितिले तोकेको जरिवाना तिर्नुपर्नेछ ।
ग) २ पटक केन्द्रीय समितिको बैठकमा अनुपस्थित भएमा साधारण सदस्य समेत खारेज भएको मानिनेछ । यसरी कारबाही भएको सदस्यले पार्टी सदस्य बन्नु परेमा पुनः साधारण सदस्यता लिई पार्टीमा आवद्ध हुन सक्नेछ ।

घ) केन्द्रीय समितिको बैठक आवश्यकता र औचित्य पुष्टि हुने स्थानमा गरिनेछ।
ङ) बैठक बोलाउने अधिकार हरेक समितिको अध्यक्षलाई रहनेछ।
च) अध्यक्षको निर्देशनमा महासचिव वा सचिवले बोलाउने छ।
छ) बैठकको जानकारी हरेक समितिमा कम्तीमा ३ दिन अगावै दिनुपर्ने छ।
ज) बैठक बस्न कम्तीमा दुई तिहाइ सदस्यको उपस्थित हुनुपर्नेछ।
झ) विधान संशोधन र पार्टी एकीकरण गर्न कम्तीमा दुई तिहाइ सदस्यको सहमति हुनुपर्नेछ।
ञ) अन्य विषयको निर्णय ५१ प्रतिशतको साधारण बहुमतबाट लिन सकिनेछ।

## ४४. दलको कोष

क) दलको कोष सञ्चालन अध्यक्ष र कोषाध्यक्ष वा अध्यक्षले तोकेको सदस्य वा केन्द्रीय समितिबाट निर्णित अर्थ सचिवले गर्नेछन्।
ख) समयमा हरेक वर्ष आर्थिक विवरण निर्वाचन आयोगमा पेश गर्ने जिम्मेवारी कोषाध्यक्षको रहनेछ।
ग) बैंकको कोष सञ्चालन गर्ने जिम्मेवारी कोषाध्यक्षको रहनेछ।
घ) बैठकहरुमा आर्थिक विवरणको जानकारी आवश्यक सूचना माग गर्दा कोषाध्यक्षले प्रदान गर्नुपर्ने हुन्छ।

## ४५. दलको कोष वृद्धि सम्बन्धमा

पार्टी सञ्चालन गर्नका लागि आवश्यक रकमको परिपूर्ति गर्न दलले निम्नानुसारको कोष सङ्कलन विधि अपनाएको छ।

### क) सदस्यता शुल्कमार्फत

पार्टीले साधारण सदस्य, क्रियाशील सदस्य र केन्द्रीय सदस्य गरी ३ प्रकारको सदस्यहरूबाट शुल्क उठाउनेछ।

१. साधारण सदस्यले वार्षिक रु. १००।- तिर्नुपर्नेछ।
२. क्रियाशील सदस्यले वार्षिक रु. २५०।- तिर्नुपर्नेछ।
३. केन्द्रीय सदस्यले एक कार्यकालको रु ११,००१।- साथै महिला, दलित, सिमान्तकृत, अल्पसङ्ख्यकको हकमा ५,५०१।- तिर्नुपर्नेछ।
४. केन्द्रीय पदाधिकारीहरूले एक कार्यकाल वापत रु. २५,०००।- तिर्नुपर्नेछ।
५. पार्टी स्थापनाकालदेखि प्रथम राष्ट्रिय महाधिवेशन नहुञ्जेलसम्मको केन्द्रीय सदस्य शुल्क रु. २५,०००।- तोकिएको छ।

**ख) पार्टी लेबी सम्बन्धमा :**

नागरिक उन्मुक्ति पार्टीबाट उम्मेदवार भै राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा, महानगर, उपमहानगर, गाउँपालिका प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष, सदस्य तथा अन्य कुनै व्यक्तिगत लाभ हुने स्थानमा पुगे, जस्तै समन्वय समितिको सभापति, कुनै निकायका वा विभाग प्रमुख, संस्थान, आयोग आदि निकायलाई नेतृत्व गर्नेबाट पार्टीले लेबी उठाउनेछ।

१. राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा सदस्यका लागि ५०% मासिक तलबानुसार।
   (पार्टीको केन्द्रीय समितिले तोकेमा विशेष आवश्यक लेबी समेत बुझाउनुपर्नेछ।)

२. माननीय तथा मन्त्रीज्यूहरूको स्वकीय सचिवको लेबी शुल्क ३०% मासिक तलबानुसार।

३. सभापति, निकाय प्रमुख, आयोग प्रमुख आदिका लागि २०% मासिक तलबानुसार।

४. मेयर, उप-मेयर, गाउँपालिका अध्यक्ष, उपाध्यक्षका लागि २०% मासिक तलबानुसार।

५. वडा अध्यक्ष २०% मासिक तलबानुसार।

६. वडा सदस्य २०% मासिक।
   कुनै सदस्य पार्टीको हैसियत बाहेक कुनै लाभको सरकारी नियुक्ति लिई कुनै पदमा आसिन भए दुवै हैसियतको लेबी तिर्नुपर्नेछ।

## भाग–७

### ४६. उम्मेदवार मनोनयन

देश, समय, काल, परिस्थिति, सामाजिक अनुकुलता, अवस्था इत्यादिलाई मध्यनजर गर्दै पार्टीले शिक्षित, कर्मठ, बफादार, जागरुक, निडर उम्मेदवारको चयन गर्नेछ। पार्टीको तेश्रो विधान संशोधन सम्मेलन नहुँदासम्म अध्यक्षले छनौट गरेको प्रतिनिधि नै सर्वोपरी हुनेछ। निर्वाचन प्रयोजनको लागि उम्मेदवार छनौट समिति गठन हुनेछ। तर पनि सही उम्मेदवारको अन्तिम निर्णय पार्टी अध्यक्षको नै मान्य हुनेछ।

क) स्थानीय निकायको उम्मेदवार हुन कम्तीमा २ वर्ष पूर्व पार्टीको सदस्यता लिएको हुनुपर्नेछ। तर पनि विशेष काल परिस्थितिको आङ्कलन गर्दै उम्मेदवार छनौट समितिको सिफारिसमा अन्य कुनै पार्टीले ठहराएको महत्त्वपूर्ण व्यक्ति पनि उम्मेदवार हुन सक्नेछ।

ख) पार्टीको केन्द्रीय सदस्यले पालिकास्तरको प्रमुख, उप-प्रमुख पदमा उम्मेदवार हुन पाउनेछ। तर वडास्तरको सदस्य, अध्यक्ष कुनै पनि पदमा उम्मेदवार हुन पार्टी विधानले अनुमति दिएको छैन।

ग) पार्टीको तेश्रो विधान सम्मेलन नहुञ्जेलसम्म पालिकास्तरको महत्त्वपूर्ण पदसहित प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य वा राज्यस्तरको कुनै पनि प्रतिस्पर्धात्मक पदको उम्मेदवार केन्द्रीय पदाधिकारी बैठकको सिफारिसमा अध्यक्षले तोक्नेछ। कुनै कारणबस पदाधिकारी बैठकमा समेत उम्मेदवारको बारेमा विवाद उत्पन्न भएमा अन्तिम निर्णय अध्यक्षको हुनेछ।

घ) विधान बमोजिम उम्मेदवार प्रक्रियालाई नपछ्याउने सदस्यलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिनेछ।

## भाग–८

### ४७. लेखापरीक्षण

क) लेखापरीक्षण सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकले गर्नेछ।
ख) लेखा परीक्षकको नियुक्तीको जिम्मेवारी अध्यक्षलाई रहनेछ।
ग) अध्यक्षले पदाधिकारी समितिबाट लेखा परीक्षक अनुमोदन गराउनुपर्नेछ।

## भाग–९

### ४८. दल एकीकरण

समान राजनैतिक उद्देश्य, सिद्धान्त र लक्ष्य बोकेको दलसँग पार्टीले एकीकरण गर्न सक्नेछ। तर विधि, प्रक्रिया, घोषणापत्र, विधानको विरुद्धमा टेकेर कुनै पनि पार्टीसँग एकीकरण हुने छैन । समान राजनैतिक हैसियत र मुद्दा बोकेका पार्टीसँग एकीकरण गर्दा मात्रै पार्टीको नाम, चुनाव चिन्ह, घोषणापत्रको बारेमा पार्टीले बहस र छलफल चलाउनेछ, अन्यथा पार्टीको पदाधिकारी बैठक मार्फत निश्चित बुँदामा सहमति गरी पार्टी एकीकरण गर्नेछ।

क) कुनै राजनैतिक दलले एकीकरण सम्बन्धी लिखित प्रस्ताव ल्याएमा ना.उ.पा.को राजनैतिक दल वार्ता समितिले निर्णय गरी वार्ता प्रक्रिया थाल्नेछ।
ख) दल एकीकरणका लागि वार्ता टोलीको निर्धारण अध्यक्षले गर्नेछ।
ग) एकीकरण गर्दा दलको भौतिक, राजनैतिक, आर्थिक डिजिटल सबै सम्पत्ति मूल्याङ्कनलाई आधार बनाइनेछ।
घ) दल एकीकरणका लागि नागरिक उन्मुक्ति पार्टीको तर्फबाट वार्ता टोलीमा अध्यक्षसहित निम्न सदस्यहरू अनिवार्य हुनेछन् ।
  (१) उपाध्यक्ष तथा वरिष्ठ नेता
  (२) केन्द्रीय प्रवक्ता
  (३) संगठन विभाग प्रमुख
  (४) अर्थ सचिव
  (५) अध्यक्षले तोकेको प्रतिनिधि
  (६) अध्यक्षले मनोनित गरेको वार्ताका लागि महत्त्पूर्ण ठानिएको कुनै एक दल वा दलबाहिरको प्रतिनिधि सदस्य वा सदस्यहरू।
ङ) वार्ता टेबलमा अध्यक्षको अनिवार्यता छैन । तर वार्ता संयोजनको जिम्मेवारी अध्यक्ष स्वयम्ले तोक्नेछ।

च) वार्ता गर्दा अन्य दलबाट आएको प्रस्ताव पदाधिकारी बैठकले पारित गरेमा मात्रै एकीकरण प्रक्रिया पुरा भएको मानिनेछ ।

छ) दल एकीकरण भएको ७ दिनभित्रै निर्वाचन आयोगमा अद्यावधिक गराई पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्नुपर्नेछ ।

ज) दल एकीकरण भैसकेपश्चात् पुरानो दलको सम्पूर्ण नाम, चिन्ह मान्यता सबै संयुक्त रुपमा खारेज गराउनुपर्नेछ ।

झ) दल एकीकरण भएको ३५ दिनभित्रै संयुक्त केन्द्रीय समितिको बैठक अनिवार्य गर्नुपर्नेछ ।

ञ) दल एकीकरण गर्दा दलको नाम नागरिक उन्मुक्ति पार्टी, चुनाव चिन्ह, छाप कुनै पनि परिवर्तन गरिने छैन । तर समान उद्देश्य र हैसियत बोकेको पार्टीसँग पदाधिकारी बैठकको निर्णयमार्फत झण्डा परिवर्तन गर्न सक्नेछ ।

## ४९. दल विघटन

नागरिक उन्मुक्ति पार्टी स्थापना भएको पाँच वर्षसम्म दल विघटन हुनेछैन । तर आवश्यकता अनुसार पद बाँडफाँट गर्न सकिनेछ । पार्टीभित्र कुनै प्रकारको गम्भिर समस्या उत्पन्न भएमा, दलका सदस्यबाट पार्टी सञ्चालन गर्न नसक्ने परिस्थिति उत्पन्न भएमा, पार्टीका अधिकांश सदस्यहरूको विधान विपरित कार्य गरेमा, पार्टी छिन्नभिन्न भएमा, कम्तीमा ५ पटकसम्म विधान बमोजिम केन्द्रीय समितिको बैठक अपूर्ण भएमा वा पार्टीका ६० प्रतिशतभन्दा बढी क्रियाशील सदस्यको हस्ताक्षरसहित दललाई अघि बढाईरहनुपर्ने औचित्य समाप्त भएमा दल विघटन गर्न सकिनेछ ।

क) ठुलै प्राकृतिक विपत्ति आई केन्द्रीय समितिको दुई तिहाइ सदस्यले दलको औचित्य समाप्त भएको पुष्टिसहित निर्णय गरेमा ।

ख) केन्द्रीय अध्यक्षले केन्द्रीय समिति, पदाधिकारी समिति, क्रियाशील गरी करिब ५१ प्रतिशत सदस्यको निर्णयसहितको सहमतिमा दल विघटन गर्न सक्नेछ ।

ग) दल विघटन गर्न लिनु दिनु पर्ने सबै प्रकारको रकम तिरोतारो गरी बचेको सञ्चिति सबै किसिमको नगदी, जिन्सी, भौतिक सम्पति सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

## भाग–१०

### ५०. विधान संशोधन

समय परिस्थिति अनुरूप देशको राजनैतिक अवस्था परिवर्तन भएमा, पार्टी सञ्चालनका लागि नयाँ नीति निर्माण गर्नु परेमा, पार्टीमा कुनै पनि अवस्था व्यवस्थाको संशोधन गर्नु परेमा, पार्टीको कार्यदिशा परिवर्तन गर्नु परेमा वा पार्टीले आवश्यक धारा, उपधारा, झण्डा, लोगो, पार्टीको नाम, सदस्य सङ्ख्या, सदस्यहरूको संरचना फेरबदल गर्नु परेमा वा पार्टीको आवश्यक परिस्थिति सुधारका निमित्त विधान संशोधन बैठक कम्तीमा वर्षमा १ पटक नभए २ वर्षमा १ पटक अनिवार्य विधान संशोधन सम्मेलन गर्नुपर्नेछ।

क) विधान संशोधन महाधिवेशनमा पार्टीको पदाधिकारी समिति, केन्द्रीय समिति, सल्लाहकार समिति, भातृ संगठन प्रमुख तथा पार्टीबाट निर्वाचनमा विजय प्राप्त गरेका वडा समिति अध्यक्ष, पालिका प्रमुख, उपप्रमुख आदिको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

ख) विधान संशोधन दुई तिहाइ सदस्यको सहमतिमा मात्रै पारित भएको मानिनेछ।

ग) विधानमा भएको व्यवस्था अनुरूप मात्रै पार्टीको गतिविधि सञ्चालन गर्नुपर्नेछ।

घ) विधानमा फरक मत राख्न चाहने सदस्यले विधान महाधिवेशनको एक महिनापूर्व नै लिखित रूपमा निवेदन दिई महाधिवेशनमा संशोधन प्रस्ताव राख्न सक्नेछ। त्यसरी करिब दुई तिहाइबाट संशोधित विधानलाई पार्टीको कानून मानिनेछ।

## भाग–११

### ५१. अन्य

पार्टी सञ्चालन सहजीकरणका लागि अध्यक्षले केन्द्रीय समिति वा पदाधिकारी बैठकको सहमतिबाट निर्णय लिन सक्नेछ । त्यस्तो निर्णयले दलको विधानमा भन्दा बाहेकको काम कारबाही गर्नुपर्ने भएपछि संशोधन हुने गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ।

## अनुसूची- १

# शपथ ग्रहण

पार्टीका सबै पदाधिकारी तथा सदस्यहरूले निर्वाचित/मनोनित भएपछि देहाय अनुसारको व्यहोरा उल्लेख भएको शपथ लिनु पर्नेछ।

## शपथ ग्रहणको व्यहोरा

म ............................................... (नाम) नागरिक उन्मुक्ति पार्टीप्रति पूर्ण ईमान्दार र प्रतिबद्ध रही पार्टीको प्रस्तावना, उद्देश्य, नीति, निर्देशन र सिद्धान्तलाई पालना गर्दै समग्र पार्टीको हकहितका लागि समर्पित रहनेछु। मलाई नागरिक उन्मुक्ति पार्टी, ................ समितिको ...................... पदमा कार्य गर्न प्रदान गरेको काम, कर्तव्य र अधिकारको पालना गर्दा पूर्णतया विधान अनुरूप पार्टीको निर्देशन, अनुशासन र गोपनीयतालाई अक्षरस पालना गर्दै यस पार्टीप्रति पूर्ण उत्तरदायी र जवाफदेही भई निरन्तर क्रियाशील रहनेछु।

**नागरिक उन्मुक्ति पार्टी – जिन्दावाद !**

**जय नागरिक**

मिति :

दस्तखत :......................

नाम :..........................

सम्पर्क नं.: ...................

## अनुसूची – ७
## पार्टीको छाप




## अनुसूची – ८
## पार्टीको झण्डा




## अनुसूची – ९
## पार्टीको चुनाव चिन्ह

